https://jantedhungamun.gov.np
info@jantedhungamun.gov.np
jantedhungarmo@gmail.com

# जन्तेढुङ्गा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

पशु सेवा शाखा

चिसापानी, खोटाङ
प्रदेश नं. १, नेपाल

प.सं.: ०७८/०७९
च.नं.: ११९८

मिति :-२०७९/०२/१७

### प्रस्ताव आह्वान

सूचना! सूचना!! सूचना!!

सूचना प्रकाशित मिति २०७९/०२/१७

आ.व. २०७८/०७९ मा जन्तेढुङ्गा गाउँपालिका खोटाङ्ले नेपाल सरकारको सशर्त अनुदानको स्विकृत वार्षिक कार्यक्रम अनुसार निम्नलिखित कार्यक्रमहरु "पशुपंक्षी तथा मत्स्य प्रवद्धन कार्यक्रम कार्यसंचालन प्रक्रिया –२०७८" बमोजिम गर्न इच्छुक कृषक/ सहकारी संस्था/ कृषक समूह/समिति/निजी संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले १० (दश) दिन भित्र अर्थात २०७८/०२/२७ गते सम्म कार्यालय समय भित्र निवेदन दर्ता गर्नु हुन आह्वान गरिन्छ।साथै रित नपुगेका वा म्याद नागि प्राप्त हुन आएका छनोटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ। साथै यस विषयमा थप जानकारीका लागि ९८४२५०९०२० मा सम्पर्क गर्न सकिने छ।

कार्यक्रम को नाम

१ पशु आहारा मिसन कार्यक्रम
- नर्सरी स्थापना
- चरन खर्क विकास/सुधार/व्यवस्थापन कार्यक्रम
- घासको बिउ उत्पादन तथा आपूर्ति
- UMMB/TMR उत्पादन तथा प्रवर्द्धन
- बिउ बैंक स्थापना
- बिउ प्रशोधन/उपचार
- पशु आहारा यान्त्रिकरण प्रवर्द्धन कार्यक्रम

२. मत्स्य मिसन कार्यक्रम
- पोखरी निर्माण
- मत्स्य पालन यन्त्रीकरण सहयोग
- मत्स्य दाना उत्पादन
- मत्स्य नर्सरी निर्माण
- मत्स्य बजार विकास
- रेसबे निर्माण
- प्राकृतिक जलासयमा माछा छाड्ने(Ranching)
- मत्स्य ढुवानी व्यवस्थापन

**प्रस्ताव साथ संलग्न गर्नु पर्ने कागजातहरु :**

१. कृषक समूह/समिति /सहकारी/निजी संस्थाको दर्ता प्रमाण-पत्र र सहकारी संस्थाको हकमा सम्बन्धित व्यवसाय संचालन गर्ने उद्देश्य खुल्ने कागजातको प्रतिलिपिहरु
२. कृषक समूह/समिति /सहकारी/निजी संस्थाको सदस्यको नामावली
३. कृषक समूह/समिति /सहकारी/निजी संस्थाले कार्यक्रम संचालन गर्ने निर्णयको प्रतिलिपि
४. वडाको सिफारिस पत्र।
५. स्थायी लेखा (प्यान) नं. प्राप्त गरेको प्रमाण-पत्रको प्रतिलिपि।
६. नेपाली नागरिकताको प्रमाण-पत्र, संस्थाको प्रमाण-पत्र ।
७. अन्य आवश्यक कागजात (स्थानीय तहको आवश्यकता अनुसार)

मनमाया योन्जन
प.से.प्रा.
पशु शाखा संयोजक

पवनराज पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

https://jantedhungamun.gov.np
info@jantedhungamun.gov.np
jantedhungarmo@gmail.com

# जन्तेदुङ्गा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

पशु सेवा शाखा

चिसापानी, खोटाङ
प्रदेश नं. १, नेपाल

प.सं.: ०७८/०७९
च.नं.: ११९६

जन्तेदुङ्गा गाउँपालिका कार्यपालिकाको कार्यालय पशु शाखा चिसापानी, खोटाङ १ नं. प्रदेश, नेपाल २०७३

मिति :-२०७९/०२/१७

सूचना ! सूचना !! सूचना !!!

सूचना प्रकाशित मितिः२०७९/०२/१७

आ.ब.०७८/७९ मा जन्तेढुंङ्गा गाउँपालिका, खोटाङले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, पकेट विकास कार्यक्रम संचालन गर्नु पर्ने भएको हुनाले इच्छुक कृषि समुह/सहकारी/कृषि फर्महरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १० (दश) दिन भित्र अर्थात मितिः२०७९/०२/२७ गते भित्र यस जन्तेढुंङ्गा गाउँपालिका पशु सेवा शाखा कार्यालयमा प्रधानमन्त्री कृषि आधुनिकीरण परियोजना कार्यविधि २०७७ को ढाँचा (अनुसूची-६-७) अनुसार आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ ।साथै यस विषयमा थप जानकारीका लागि ९८४२५०९०२० मा सम्पर्क गर्न सकिनेछ ।

कार्यक्रमको नाम

१. बंगुरको साना व्यवसाय कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम

- खोर निर्माण
- उन्नत जातको पाठा/पाठी खरिद

<u>निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु:</u>

१.सम्बन्धित निकायमा कृषि समूह/सहकारी/कृषि फर्म दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि।
२.कार्यक्रम संचालन हुने स्थान जग्गा/जमिन को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा १० वर्षको सम्झौतानामा ।
३.निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि ।
४.कार्य समितिको निर्णयको प्रतिलिपि ।
५.अनुसूची ६-७ भरेको हुनुपर्ने छ ।(अनुसूची ६-७ पशु शाखामा उपलब्ध हुनेछ)।
६.स्थायी लेखा (प्यान) नं. प्राप्त गरेको प्रमाण-पत्रको प्रतिलिपि।
७.कृषक समूह/समिति /सहकारी/निजी संस्थाले कार्यक्रम संचालन गर्ने निर्णयको प्रतिलिपि ।
८. सम्बन्धित वडाको सिफारिस पत्र।

मनमाया योन्जन
प.से.प्रा.
पशु शाखा संयोजक

पवनराज पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत